गाउँ सभाको मिति २०७६ असार १० गते मगंलबारको बैठकमा

उपाध्यक्ष श्री मञ्जु बुढाथोकीले प्रस्तुत गर्नु भएको

आर्थिक वर्ष २०७६।७७ को

राजस्व र व्ययको अनुमान

# बजेट बक्तब्य

सुर्यगढी गाउँपालिका

नुवाकोट जिल्ला

प्रदेश नं. ३

१० असार २०७६

सुर्यगढी गाउँपालिका गाउँसभाको सभाध्यक्षज्यू,

गाउँसभाका सदस्यहरु, सभाका सचिव लगायत कर्मचारी मित्रहरु,

पत्रकार मित्रहरु, उपस्थित सम्पूर्ण महानुभावहरु,

सुर्यगढी गाउँपालिकाको गाउँ सभामा आ.व ०७५।०७६ को लागि बजेट तथा कार्यक्रम प्रस्तुत समाहरोहमा गाउँपालिकाको उपाध्यक्षको तर्फ बाट हार्दिक स्वागत गर्न चाहन्छु । यो अवसर प्राप्त भएकोमा म आफुलाई असाध्यै भाग्यमानी ठानेको छु ।

आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सहितका यस विवरण सुशासित र समृद्ध सुर्यगढी निर्माणको मूल उद्देश्य बोकेर आजकै सभामा प्रस्तुत भएको आ.व.२०७६।७७ को नीति तथा कार्यक्रमद्वारा परिलक्षित रहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

सभाका सभाध्यक्ष महोदय,
अब म आ.व. ०७५।७६ को राजस्व र खर्चका विषयमा यस गाउँपालिकाको अवस्थाको विवरण संक्षिप्त रुपमा अवगत गराउन चाहन्छु :-

आ.व.२०७५।७६ मा यस गाउँपालिकामा संघिय सरकारबाट वित्तीय समानीकरण तर्फ रकम रु. ६,३३,००,०००।- (छ करोड तेत्तीस लाख), सशर्त अनुदान तर्फ रकम रु. ८,८१,००,०००।- (आठ करोड एकासी लाख), राजश्व बाँडफाँड बाट ४,४१,१६,०००।- (चार करोड एकचालिस लाख सोह्र हजार) गरी नेपाल सरकारबाट जम्मा रकम रु. १९,५५,१६,०००।- (उन्नाईस करोड पचपन्न लाख स्रोह हजार) प्राप्त हुन आएको थियो ।

प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रकम रु.७७,००,०००।- (सतहत्तर लाख), सशर्त अनुदान तर्फ रकम रु. ३,१७,७०,०००।- (तीन करोड सत्र लाख

सन्त बहादुर घले (तामाङ)
अध्यक्ष

सत्तरी हजार), राजश्व बाँडफाँडबाट रकम रु. ६०,७१,०००।- (साठी लाख एकहत्तर हजार) गरी जम्मा रकम रु. ४,५५,४१,०००।-(चार करोड पचपन्न लाख एकचालीस हजार) प्राप्त हुन आएको थियो ।

आन्तरिक आय तर्फ रकम रु. २५,००,०००।- (पच्चीस लाख) राजस्व संकलन हुने अनुमान गरिएको थियो भने आ.व. २०७४।७५ को मौज्दात रकम रु. २,९९,००,०००।- (दुई करोड उनानसय लाख) गरी आ.व. २०७५।७६ को कुल बजेट रकम रु. २७,३४,५७,०००।- (सत्ताईस करोड चौंतीस लाख सन्ताउन्न हजार) को आय व्ययको विवरण तर्जुमा गरि यस सम्मानित सभाबाट पारित भई कार्यान्वयनमा गएको थियो । यस क्रममा सुर्यगढी गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वार्षिक कार्यक्रमले निर्दिष्ट गरेका योजना तथा कार्यक्रमहरु अधिकाशं कार्यान्वयन भैसकेका छन भने केहि हुँदै छन । आ.व. २०७५।७६ को अन्त्य सम्ममा चालु तर्फ विनियोजित कुल रकम १४,९२,६७,०००।- (चौध करोड बयानन्नब्बे लाख सतसठ्ठी हजार) को ९१ प्रतिशत तथा पुँजिगत तर्फ विनियोजित कुल रकम रु. १२,४१,९०,०००।- (बाह करोड एकचालीस लाख नब्बे हजार) को ८९ प्रतिशत खर्च हुन सक्ने देखिएको छ । समग्र नतिजा चालु आर्थिक वर्षको अन्त्यसम्ममा प्राप्त हुने अपेक्षा गरिएको छ ।

आन्तरिक आय तर्फ रकम रु. २५,००,०००।- (पच्चीस लाख) राजस्व संकलन हुने अनुमान गरिएकोमा चालु आर्थिक बर्षको जेठ मसान्त सम्ममा आन्तरिक आयको रुपमा रकम रु १५,२०,८००।- (पन्ध्र लाख बीस हजार आठ सय) संकलन भएको छ भने चालु आ.व.को अन्त्य सम्ममा अनुमानित आन्तरिक आयको ८८% सम्म संकलन हुने अपेक्षा गरिएको छ ।

**सभाध्यक्षज्यू,**

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को आय व्ययको विवरण प्रस्तुत गर्न गईरहेको छु ।

सूर्यगढी गाउँपालिका
नौकटे, नुवाकोट
२०७३

...त बहादुर घले (तामाङ)
अध्यक्ष

नेपालको संविधान २०७२ ले व्यवस्था गरेबमोजिमको स्थानीय तहको एकल तथा साझा अधिकार सुची, आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली, मौलिक हकहरु, आर्थिक सामाजिक विकास, साधन श्रोतको उपयोग नीति, सहभागितामूलक योजना छनौट पद्धति, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजकि संरक्षण, दीगो विकास, जलवायु परिवर्तन, विपद व्यवस्थापन, लैगिंक सशक्तिकरण तथा समावेशी विकास समेतलाई आधार मानी यस संभामा प्रस्तुत भएको आ.व.२०७६।७७ को नीति तथा कार्यक्रमद्वारा निर्देशित आ.व. २०७६।७७ को बजेट गाउँकार्यपालिकाबाट स्वीकृत गरी यो गरिमामय गाउँसभामा प्रस्तुत गरेको छु ।

आर्थिक वर्ष २०७६।७७ मा यस गाउँपालिकामा वित्तीय समानीकरण तर्फ संघिय सरकारबाट प्राप्त अनुदान रकम रु. ७,५४,००,०००।- (सात करोड चौवन्न लाख) र संघीय शसर्त अनुदान तर्फ रकम रु.९,४६,००,०००।- (नौ करोड छयालीस लाख) गरी नेपाल सरकारबाट जम्मा रकम रु.१७,००,०००।- (सत्र करोड) प्राप्त हुने अनुमान गरिएको छ ।

प्रदेश सरकारबाट वित्तीय समानीकरण तर्फ रकम रु.९९,३८,०००।- (उनान्सय लाख अठतीस हजार), सशर्त अनुदान तर्फ रकम रु.१७,०४,०००।- (सत्र लाख चार हजार), राजश्व बाँडफाँडबाट रकम रु. ७४,४९,०००।- (चौहत्तर लाख उनान पचास हजार) प्राप्त हुने अनुमान गरिएको छ ।

आन्तरिक आय तर्फ रकम रु. ४०,००,०००।- (चालीस लाख) राजस्व संकलन हुने अनुमान गरिएको छ । भने चालु आ.व.मा रकम रु. १,५०,००,०००।- (एक करोड पचास लाख) मौज्दात रहन सक्ने देखिएकोले आ.व. २०७६।७७ को अनुमानित कुल बजेट रकम रु. २६,१६,९१,०००।- (छब्बीस करोड सोह्र लाख एकानब्बे हजार) प्रस्ताव गरेको छु ।

कुल बजेट मध्ये गाउँ पालिकाको चालु खर्च रु. ६,७८,४४,०००।- (छ करोड अठहत्तर लाख चौवालीस हजार) तथा पुँजिगत खर्च ९,७५,४३,०००।- (नौ करोड पचहत्तर लाख त्रिचालीस हजार) र शशर्त अनुदान शिर्षकका कार्यक्रम तर्फ रकम

सन्त बहादुर घले (तामाङ)
अध्यक्ष

रु. ९,६३,०४०००।- (नौ करोड त्रिसठ्ठी लाख चार हजार) विनियोजन गरिएको छ ।

आगामि आ.व. ०७७।७७ मा विषयगत क्षेत्रहरुमा निम्नानुसार बजेट विनियोजन गरिएको छ ।

आर्थिक विकास (कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र आदि) तर्फ रकम रु. २,८५,००,०००।- (दुई करोड पचासी लाख) विनियोजन गरिएको छ ।

सामाजिक विकास (शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति प्रबर्द्धन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, खेलकुद तथा मनोरञ्जन आदि) तर्फ रकम रु. ५,७५,४१,०००।- (पाँच करोड पचहत्तर लाख एकचालीस हजार) विनियोजन गरिएको छ ।

पूर्वाधार विकास (सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, वैकल्पिक उर्जा, संचार आदि) तर्फ रकम रु. ८,७५,२०,०००।- (आठ करोड पचहत्तर लाख बीस हजार) विनियोजन गरिएको छ ।

वातावरण तथा विपद व्यवस्थापन (बन तथा भु-संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, ल्यान्डफिल साइड, जल उत्पन्न प्रकोप नियन्त्रण) तर्फ रकम रु. २,८५,७०,०००।- (दुई करोड पचासी लाख सत्तरी हजार) विनियोजन गरिएको छ ।

संस्थागत विकास तथा सेवा प्रवाह (सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सूचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रबर्द्धन, अनुसन्धान तथा विकास, अन्यत्र वर्गिकरण नभएका) तर्फ रकम रु. ५,९५,६०,०००।- (पाँच करोड पन्चानन्नब्बे लाख साठ्ठी हजार) विनियोजन गरिएको छ ।

सन्त बहादुर घले (तामाङ)
अध्यक्ष

सभाध्यक्षज्यू,

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका मुख्य मुख्य नीतिहरुलाई सम्बोधन गर्न व्यवस्था गरेको बजेट सम्बन्धमा प्रकाश पार्न चाहन्छु ।

प्रत्येक वडामा कुनैपनि समयमा हुनसक्ने दुर्घटनालाई मध्य नजर गरि उपयुक्त स्थानमा बाहैं महिना सञ्चालनमा आउन सक्ने हेलिप्याड निर्माण गर्न रकम रु.१० लाख विनियोजन गरेको छु ।

जनचेतनामूलक एवं जनउपयोगि सूचना तथा जानकारीहरुको प्रभावकारी सञ्चार मार्फत सार्वजनिक हित अभिबृद्धि गर्ने एवं स्थानीय सरकारको गतिविधि तथा सेवा प्रवाहसम्बन्धि जानकारीहरु सार्वजनिक गरी सुशासन एवं पारदर्शिता प्रर्वद्धन गर्न गाउँपालिकामा एउटा सामुदायिक रेडियो सेवा सञ्चालन गर्ने नीतिलाई कार्यान्वयन गर्न रकम रु. २५,००,०००।- (पच्चीस लाख) विनियोजन गरेको छु ।

अति बिपन्न, असहाय, गरिब, पिछडिएको वर्ग, बिहान बेलुका खान नपुग्ने घर परिवारको पहिचान गरि प्रत्येक वडा बाट ५०-५० जनाको संख्यामा छनौट गरि आबस्यक सिप मुलक कार्यक्रम संचालन गरि आय आर्जनको वृद्धि गर्ने नीति अनुरुप विपन्न लक्षित सिपमूलक तालिम कार्यक्रमको लागि १५,००,०००।- (पन्ध्र लाख) विनियोजन गरेको छु ।

महिला सँग उपाध्यक्ष कार्यक्रम मार्फत अधिकाशं महिलाहरु लाभान्वित हुने महिलाको प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न रकम रु. १५,००,०००।- (पन्ध्र लाख) विनियोजन गरेको छु ।

सुर्यगढी गाउँपालिका भित्र रहेका बिजुलीको काठको पोल विस्थापित गरी फलामे पोल प्रयोगमा ल्याउने नीति अनुरुप विद्युत प्राधिकरण सँग समन्वय गरि कार्यक्रम सञ्चालन गर्न रकम रु.२०,००,०००।-(बीस लाख) विनियोजन गरेको छु ।

सुर्यगढी गाउँपालिकाको वडा नं १ मा मा.वि सञ्चालन गर्न एवं न्यून दरबन्दिका कारण पठन पाठनमा संघर्ष गरिरहेका यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुको

सुर्यगढी गाउँपालिका
बोक्रे, नुवाकोट
२०७३

मल बहादुर घले (तामाङ)
अध्यक्ष

शैक्षिक गुणस्तर सुधारका लागि निश्चित मापदण्डका आधारमा प्रशासनिक अनुदान दिने व्यवस्थाको लागि रकम रु. ६७,००,०००।- (सतसठ्ठी लाख) विनियोजन गरेको छु ।

सुर्यगढी गाउँपालिका भित्र हालसम्म पनि कम्प्युटर, प्रिन्टर तथा फोटोकपि मेशिन जस्ता विद्यालयको दैनिक प्रशासन सञ्चालन गर्न आधारभूत सामग्रिहरु अभाव रहेका विद्यालयहरुको पहिचान गरि न्यूनतम एक एक सेट कम्प्युटर प्रणाली जडान गर्न रकम रु. १२,००,०००।- (बाह्र लाख) विनियोजन गरेको छु ।

जनसाधारणले प्रचलित कानूनको साधारण ज्ञानको अभावमा विविध कठिनाईको सामना गर्न परेकोले ऐन, कानूनबारे जनचेतना फैलाउनको लागि न्यायिक समितिको अगुवाईमा सञ्चालन गरिने अभिमूखिकरण कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु ।

ज्येष्ठ नागरिकहरुलाई घर घरमा त्रैमासिक रुपले सामान्य स्वास्थ्य परिक्षणको व्यवस्था मिलाईने नीति अनुरुप उक्त कार्यमा खटिने जनशक्तिलाई खाजा तथा यातायात खर्चको व्यवस्था मिलाएको छु । गत आ.व. देखि सञ्चालनमा आएको ज्येष्ठ नागरिक बार्षिक चाडपर्ब खर्चको लागि रकम रु. १७,५०,०००।- (सत्र लाख पचास हजार) विनियोजन गरेको छु ।

यस आ.व.मा प्रत्येक विद्यालय तथा स्वास्थ्य चौकिहरुमा विद्युतिय हाजिरी प्रणालीको जडान गरिने नीति लाई कार्यान्वयन गर्न रकम रु. ५,००,०००।- (पाँच लाख) विनियोजन गरेको छु ।

गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने मूल मार्गहरुमा सिमा प्रवेशद्वार निर्माण गरि भौगोलिक सिमाकंनलाई थप व्यवस्थित गर्ने व्यवस्थाको लागि रकम रु. ५,००,०००।- (पाँच लाख) विनियोजन गरेको छु ।

गाउँपालिकाको सार्वजनिक सम्पत्तिको संरक्षण, बजार अनुगमन, अव्यबस्थित यातायात सञ्चालन नियन्त्रण, फोहरमैला व्यवस्थापन तथा राजस्व संकलन लगायतका गाउँपालिकाको अन्य कार्य सञ्चालन गर्न/गराउनको लागि यसै आर्थिक वर्ष देखि नगर प्रहरीको व्यवस्था गरिने नीतिलाई कार्यान्वयन गर्न रकम रु. २५,००,०००।- (पच्चीस लाख) विनियोजन गरेको छु ।

सन्त बहादुर घले (तामाङ)
अध्यक्ष

गाउँपालिका भित्र पशुपालनलाई प्रोत्साहन गर्ने उद्देश्यले गाई/भैसीँ पालन गर्ने कृषकलाई पशु सुत्केरी भत्ताको व्यवस्था गरिने नीतिलाई कार्यान्वयन गर्न रकम रु. ५,००,०००।- (पाँच लाख) विनियोजन गरेको छु ।

वैकल्पीक उर्जा लाई प्रोत्साहन गर्दै सुर्यगढी गाउँपालिकामा रहेका सबै जसो बजार क्षेत्रमा सोलारको बत्ती जडान गर्दै जाने नीतिलाई कार्यान्वयन गर्न रकम रु. १०,००,०००।- (दश लाख) विनियोजन गरेको छु । बजार क्षेत्रको फोहरमैला एवं ल्याडफिल साईटको व्यवस्थापनको लागि ५,००,०००।- (पाँच लाख) विनियोजन गरेको छु ।

यस गाउँपालिकाको माटो तथा हावा पानी सुहाउँदो बोट विरुवाको अभाव हुन नदिन गाउँपालिकामै नर्सरी को व्यवस्था गरिने नीतिलाई निरन्तरता दिईएकामा प्रभावकारी कार्यान्वयनको लागि नर्सरी व्यवसाय स्थापना तथा संचालन अनुदानको लागि रकम रु. ५,००,०००।- (पाँच लाख) विनियोजन गरेको छु ।

विकास निर्माण एवं सेवा प्रवाहमा प्रभावकारिता बृद्धि गर्न गाउँपालिका भित्र भएको सबै खाले तथ्याङ्क संकलन, विश्लेशष एवं अद्यावधिक गरी प्रतिवेदन तयार गर्न सक्ने डिजिटल भिलेज प्रोफाईल प्रणाली खरिद गरि सञ्चालनमा ल्याउनको लागि रकम रु.२०,००,०००।- (बीस लाख) विनियोजन गरेको छु ।

खेलकुद पूर्वाधार प्रवर्द्धन गरि विद्यालयस्तर देखि नै खेलकुदको माध्यमबाट स्वस्थ, अनुशासित एव व्यवसायिक खेलाडी उत्पादन गर्ने उद्धेश्यले खेलकुद गतिविधिहरु सञ्चालन गर्न रकम रु. ५,००,०००।- (पाँच लाख) विनियोजन गरेको छु ।

अन्त्यमा आजकै बैठकमा प्रस्तुत सुर्यगढी गाउँपालिकाको आ.व. ०७६।७७ को विनियोजन विधेयक र आर्थिक विधेयक अनुमोदनार्थ यस गरिमामय गाउँसभामा प्रस्तुत गर्दै,

यस बजेट तर्जुमामा सहयोग गर्नुहुने सम्पुर्ण पदाधिकारीहरु, वडा समितिहरु, राजस्व र बजेट सम्बन्धी कानून बमोजिम गठित विभिन्न समितिहरु, प्रमुख

सुर्यगढी गाउँपालिका

मल बहादुर घले (तामाङ)
अध्यक्ष

प्रशासकिय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कमचारी मित्रहरु, यस क्षेत्रकाका बुद्धिजिबी तथा राजनैतिक दलका मित्रहरु एव प्रत्यक्ष अप्रत्यक्ष रुपमा भूमिका खेल्नुभएका सुर्यगढी गाउँपालिकाका सम्पूर्ण जनसमुदायलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोग अपेक्षा गरेको छु ।

सन्त बहादुर घले (तामाङ)
अध्यक्ष

धन्यबाद ।